# आधारभुत तह उत्तीर्ण पूर्व तयारी परीक्षा २०८२

**विषयः नेपाली** | **समयः २ घण्टा**
**कक्षाः ८** | **पूर्णाङ्क : ५०**

विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले दिनुपर्नेछ ।

**१. दिएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् :** (२)

मतदाता, परिचयपत्र, व्यवसायीकरण, हार्दिकता, निर्मिमेष

क) व्यवसायलाई उच्च प्राथमिकता राख्ने कार्य ..................

ख) हार्दिक हुनाको भाव, मित्रता ..................

ग) हेरेको हेरै गर्ने आँखा नझिम्क्याउने ..................

घ) मतदान गर्नका लागि बनाइएको परिचयपत्र ..................

**२. खाली ठाउँमा मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् :** (२)

क) 'नभ' को पर्यायवाची शब्द .................. हो । (आकाश, बादल, पाताल)

ख) 'वरदान' को विपरितार्थी शब्द .................. हो । ( दान, अभिशाप, वर)

ग) .................. अनेकार्थ शब्द हो । ( दक्षिण, प्रश्न, उत्तर)

घ) ' तरकारी' को समावेश्य शब्द .................. होइन । (घिरौला, करेला, दूध)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** (२)

प्रेरणादायी, अङ्कमाल गर्नु

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् :** (१)

अ) शजाय, षजाय, सजाय, सजाए

आ) पन्चामृत, पञ्चामृत, पण्चामृत, पन्चामरित

**५. दिएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** (२)

पानी जिवनदायिनी स्रोत भयेकाले प्रदुषण हुन बाट रोक्नु पर्छ

**६. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :** (२)

<u>स्याबास</u>! अपिल <u>तिमीले</u> त हिजो आज नेपाली र <u>गणित</u> विषयमा निकै प्रगति <u>गरेछौ</u> ।

**७. दिएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :** (२)

क) कर्ण सधैँ राम्रो गीत .............. । (गाः अभ्यस्त भूत)

ख) उनीहरू बजार .............. । ( जाः अपूर्ण वर्तमान)

ग) तिमीले आफ्नो काम आफै .............. । ( गरः इच्छार्थ)

घ) हामी बिहान सबेरै .............. । ( उठ्ः सम्भावनार्थ)

**८. दिएका संकेतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** (३)

क) म जेष्ठ नागरिकलाई सम्मान गर्छु । ( तृतीय पुरुष)

ख) विद्यार्थीहरु चुट्किला सुन्छन् । ( मिश्र वाक्य)

**९. दिएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् :** (३)

रिसाहा व्यक्तिले ति अरुलाई नोक्सान पुऱ्याउँछ त्यति नै बोलक्कडले नि पुऱ्याइरहेको हुन्छ । त्यस्तै व्यक्तिले कहिल्यै कसैसँग सरसहयोग वा सहकार्य गरेर आफ्नो विचारमाथि पार्न सक्दैन । सकिन्छ भने <u>हरेकले</u> आफ्ना तर्फबाट रिसराग दुवै त्याग्न सक्नुपर्छ । सुख दुःखबाट बाँच्नका लागि सतर्कता अपनाउनुपर्छ । यही नै मानिसको राम्रो व्यवहार मानिन्छ ।

**<u>प्रश्नहरु :</u>**

क) अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका एक- एक शब्द पहिचान गरी लेख्नुहोस् ।

ख) माथिको अनुच्छेदबाट एउटा द्वित्व र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस् ।

ग) अनुच्छेदबाट रेखाङ्कन शब्दको कारक तथा विभक्ति पहिचान गरी लेख्नुहोस् ।

**१०. दिएको गद्यांस पढी सोधेका प्रश्नको उत्तर लेख्नुहोस् :** (४)

इन्टरनेट आजको मानव जातिको कम्प्युटरका माध्यमबाट प्राप्त गरेको महत्त्वपूर्ण उपलब्धि हो । यस विश्वको कुनै पनि ठाउँको सूचनालाई विद्युतीय गतिमा विश्वका मानव समुदायमा पुऱ्याउन सक्छ । दुई वा दुईभन्दा बढी कम्प्युटर बीच तार वा बिना तारको माध्यमबाट सम्पर्क स्थापना गराई तथ्याङ्क तथा सूचना आदानप्रदान गर्ने विधिलाई कम्प्युटर सञ्जाल भनिन्छ । यसले एउटा कम्प्युटर र अर्को कम्प्युटर बीचमा सूचना प्रवाह गर्छ । इन्टरनेट सबैभन्दा ठूलो कम्प्युटर सञ्जाल हो । आज इन्टरनेटको प्रयोग गरेर विश्वमा घटेका घटना समाचार व्यापारिक गतिविधि आदि सम्पूर्ण कुराको जानकारी प्राप्त गर्न सकिन्छ । इन्टरनेटमा जडान भइसकेपछि हरेक कम्प्युटर आफैंमा सञ्जाल हो । त्यसैले विश्वमा कम्प्युटरका बीचमा सूचना र सञ्चार प्रवाह गरी अन्तरसम्बन्ध स्थापना गर्ने काम इन्टरनेटले गर्छ । इन्टरनेटका माध्यमबाट विश्वका जुनसुकै ठाउँमा सञ्चार गर्न सकिन्छ, हाल विश्वका करोडौं मानिसले इन्टरनेटको प्रयोग गर्दछन् ।

**<u>प्रश्नहरू :</u>**

क) कम्प्युटरलाई मानव जातिको महत्त्वपूर्ण उपलब्धि किन भनिन्छ ?

ख) कम्प्युटर सञ्जाल भनेको के हो ?

ग) इन्टरनेटलाई किन सबैभन्दा ठूलो कम्प्युटर सञ्जाल भनिन्छ ?

घ) कम्प्युटरमा सूचनाको प्रवाह कसरी हुन्छ ?

**११. दिएका अनुच्छेदबाट चारवटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :** (४)

शाहवंशीय राजा पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकाका राज्य एकीकरण गरेपछि पनि नेपालबाट तिब्बत तथा भारतबीचको अन्तर्राष्ट्रिय व्यापारले निरन्तरता पाएको थियो । बहादुर शाहको शासनकालमा तिब्बतसँग युद्ध भएपछि नेपाल र तिब्बतबीच खटपट भयो । यस बखत नेपाल सम्पूर्ण रूपमा एकीकरणमा केन्द्रित भएका कारण खाद्यान्न, भाँडाकुँडा, हस्तकला, मूर्तिकला कपडा जस्ता वस्तुको उत्पादन कम हुन थाल्यो । फलस्वरूप नेपालले पर्याप्त मात्रामा सामान निर्यात गर्न सकेन । राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको शासनकालमा पुनः नेपाल र तिब्बत बीच युद्ध भयो । राणाकालीन समयमा मुलुकमा उद्योगभन्दा निर्वाहमुखी ढंगमा सञ्चालित भए । यस समयमा इट्टा उद्योग, कष्ट उद्योग र धातु उद्योगले अन्य उद्योगका तुलनामा फस्टाउने अवसर पाए । राणाकालमा तिब्बतसँग सिमाना जोडिएका नेपालका रसुवा, मनाङ, मुस्ताङ भूभागबाट मात्र तिब्बतसँग सीमित व्यापार हुन थाल्यो ।

**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** (३)

क) दिएका बुँदाका आधारमा कथा तयार पारी शीर्षक समेत लेख्नुहोस्:

कुनै एक ऋषि तपोवनमा जानु .......ऋषि तपस्यामा तल्लिन हुनु ........ केही डाकाले एकजना व्यापारीलाई लखेट्दै ल्याउनु ........ व्यापारी भाग्दै ऋषिको आश्रममा आइपुग्नु ........ व्यापारी कुटी भित्र लुक्नु ........ ऋषिको कहिले झुट नबोल्ने प्रतिज्ञा हुनु ........ डाकाहरुले ऋषिसँग व्यापारी बारे सोध्नु ........ ऋषिले साँचो कुरा बताउनु ........ व्यापारी मरेको पाप ऋषिलाई पनि लाग्नु ........ ऋषि पश्चातापमा पर्नु ।

**ख) 'हाम्रो संस्कृति' शीर्षकमा दुई साथी विचको संवाद लेख्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **(३)**

क) आफ्नो विद्यालयमा आधुनिक कम्प्युटर प्रयोगशालाको व्यवस्था गरिदिन अनुरोध गर्दै प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् ।

ख) विद्यालयमा हुन गइरहेको वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा अभिभावकलाई पठाइने निमन्त्रणाको नमुना तयार पार्नुहोस् ।

**१४. तलकामध्ये कुनै एक प्रश्नको भाव विस्तार गर्नुहोस्:** **(३)**

क) छोडेर प्रदेशमै हरियो पासपोर्ट
फर्किनु छ आफ्नै घर आँगन
र आफ्नै पसिनाले सिँचाई गरेर
उर्वर बनाउनु छ अबको बाँकी युग

ख) नेपालमा कैयौं पदमार्ग प्राकृतिक धार्मिक तथा ऐतिहासिक दृष्टिले महत्वपूर्ण छन् ।

**१५. तल दिएको कथांश पढेर सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्:** **(४)**

एक दिन बिहान चिया खाएर पृथ्वीनारायण शाह कीर्तिपुरमा आफ्ना विश्वास पात्रसँग आफूले राम्रो सपना देखेको र आफ्नो सपना पुग्ने बारेमा गफ गर्दै थिए । त्यही बेलामा द्वारे आयो र भन्यो " महाराज गौराङ्गको पत्र आएको छ ।" उसले पत्र दियो र फर्क्यो पृथ्वीनारायण पत्र खोलेर हेरे । त्यसमा लेखिएको थियो, " हाम्रा मित्र मल्ल राजालाई तिमीले ल्याएको नाकाबन्दी हटाउ । हटाएनौ भने हामी तिमीलाई शत्रु घोषणा गर्छौं ।"

<u>**प्रश्नहरू :**</u>

क) क-कसका बीचमा कुराहरू हुँदै थियो ?
ख) कथांशले कुन विषयलाई संकेत गर्छ ?
ग) पत्रमा के लेखिएको थियो ?
घ) माथिको कथांशको मूल भाव के हो ?

**१६. कुनै एक प्रश्नको लामो उत्तर दिनुहोस्:** **(५)**

क) तलको कवितांश पढी सोधेको प्रश्नको उत्तर दिनुहोस्:
हामीले खाने प्रत्येक गाँसमा रगत छ सहिदको
हामीले फेर्ने प्रत्येक साससमा रगत छ सहिदको
हाम्रो मुटुको प्रत्येक चालमा धड्कन छ सहिदको
हाम्रो खुसीको प्रत्येक पलमा छ जीवन सहिदको

<u>**प्रश्न :**</u>

अ) साँच्चै नै हामीले खाने गाँस, फेर्ने सास, मुटुको धड्कन र हाम्रो खुसीमा सहितको बलिदान छ त ? माथिको कवितांशलाई समेत आधार बनाई विवेचनात्मक उत्तर दिनुहोस् ।

**ख) दिएको प्रबन्धंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।**

नेपाली मुद्रालाई विदेशी मुद्रासँग प्रतिस्पर्धा बनाउन अर्थतन्त्र सबल हुनुपर्दछ । महंगा मोटर गाडी, मोबाइल, टेलिभिजन जस्ता विलासी वस्तुको आयातलाई निरुत्साहित गर्नुपर्छ । बरु यस्ता वस्तुलाई स्वदेशमै उत्पादन गर्न प्रोत्साहन गर्नुपर्छ । नेपाली विद्यार्थी विदेश अध्ययन गर्न गएका कारणले भएको स्वदेशी मुद्राको बहिर्गमनलाई रोक्नुपर्छ । नेपाली मुद्रा विदेशिनुबाट रोक्न सके मात्र पनि अर्थतन्त्र सबल बनाउन मद्दत पुग्दछ ।

<u>**प्रश्न :**</u>

अ) नेपाली मुद्रालाई विदेशी मुद्रासँग प्रतिस्पर्धी बनाउन के गर्नुपर्छ ? लेख्नुहोस् ।

**१७. तल दिइएका मध्ये कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् :** **(५)**

क) समाज सुधारमा मेरो भूमिका
ख) शिक्षाको महत्व
ग) नेपालको प्राकृतिक सम्पदा

---

**समाप्त ।**